# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, मंसीर १६ गते २०४८ साल (संख्या ३३

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले विदेशी विनिमय (नियमित गर्ने) नियमहरू, २०२० को दफा २ को उपदफा १ (छ) को प्रयोजनको लागि वाणिज्य बैंकहरूमा परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न ग्राह्य खातावालाले परिवर्त्य विदेशी मुद्राको निक्षेपबाट कुल जम्मा रकम प्रचलित विनिमय दरमा नेपाल राष्ट्र बैंकलाई समर्पण गरेमा समर्पण गरेको पूरै रकमको परिवर्त्य विदेशी मुद्रा शिक्षा,स्वास्थ्य, विदेश भ्रमण तथा मालसामान आयात गर्न चाहेमा उपलब्ध गराइने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

खण्ड ३५ संख्या १७ मिति २०४२।४।२१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना १ खारेज गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

256

# सूचना २

श्री ५ को सरकारले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपालमा बसोबास गर्ने व्यक्ति-हरूले आफूसँग भएको भारतीय रूपैयाँ बाहेक अन्य प्रकारको विदेशी विनिमयको विवरण देहायको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ४ महिनाभित्र यो एक पटकको लागि आर्जनको श्रोत उल्लेख नगरी, नेपाल राष्ट्र बैङ्क, केन्द्रीय कार्यालय, विदेशी विनिमय विभागमा दिन आदेश जारी गरेको छ ।

यसरी दिएको विवरण गोप्य रहने छ र नेपाल स्थित वाणिज्य बैङ्कहरूमा विदेशी विनिमयको खाता खोल्न ग्राह्य हुनेछन् ।

## विवरण

१. विदेशी विनिमय धनीको पूरा नाम:–

२. विदेशी विनिमय धनीको पूरा ठेगाना:–

३. विदेशी विनिमयको मौज्दात:–

४. विदेशी विनिमय कुन रूपमा राखिएको:–

५. विदेशी विनिमय बैङ्क मौज्दातको रूपमा राखिएको भए हिसाब राख्ने बैङ्कको नाम र ठेगाना:–

६. विदेशी विनिमय विदेशी सेक्युरिटीको रूपमा राखिएको भए देहायबमोजिमको विवरण दिनुपर्छ:–

(क) धनीको पूरा नाम र ठेगाना:–

(ख) सेक्युरिटीको पूर्ण विवरण र किसिम:–

(ग) सेक्युरिटीको कुल रकम:–

(घ) सेक्युरिटी मुक्त छ वा प्रतिबन्धित ? प्रतिबन्धित भए प्रतिबन्धको पूर्ण विवरण दिनु पर्छ र सो सेक्युरिटीको धितोमा कुनै ऋण लिएको र कुन व्यक्ति वा संस्थाबाट लिइएको हो नाम र ठेगाना सहित विवरण खोल्नु पर्छ ।

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२८८

## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन,२०१९ को दफा ९ (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी "बाल वचाउ कोष (यु.के.)" ले त्रि.वि. चिकित्सा शास्त्र अध्ययन संस्थानलाई उपहारको रूपमा दिने भएको जापानी यान २४,७४,३१२.०० पर्ने टोयोटा ल्याण्ड क्रुजर जीप थान १ (एक) र सो को स्पेयरपार्टसको पैठारीमा लाग्ने भन्सार महसूल र बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

## सूचना ४

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल रेडक्रस सोसाइटी मकवानपुर शाखाले भारतबाट आयत गरेको एम्बुलेन्स थान एक (१) मा लाग्ने भन्सार महसूल एवं बिक्रीकर पूर्ण रूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उप-सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८५

# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको सूचना

निर्माण तथा यातायात मन्त्रालयका सचिव श्री मदनमान अमात्य संयुक्तराज्य अमेरिकाको राजधानी वाशिंगटन डी. सी. मा हुने विश्व रेल्वे काँग्रेसको सम्मेलनमा भाग लिन त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री गोविन्दप्रसाद रंजितकारलाई मिति २०४८।८।१ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
मधुसूदनप्रसाद गोर्खाली
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

250